# नेपाल पत्रकार महासंघ केन्द्रीय निर्वाचन समितिद्वारा जारी प्रदेश समिति निर्वाचन कार्यविधि, २०७७

नेपाल पत्रकार महासंघको निर्वाचनलाई स्वच्छ मर्यादित एवं पारदर्शी तथा विधिसम्मत रुपमा सञ्चालन गर्न नेपाल पत्रकार महासंघको विधान, २०६० (पाँचौं संशोधन २०७५ सहित) को धारा ३५ (३) (क) बमोजिम यो कार्यविधि निर्वाचन समितिको मिति २०७७ चैत्र ७ गते बसेको बैठकबाट पारित भई  देहाय बमोजिम प्रदेश निर्वाचन कार्यविधि, २०७७ जारी गरिएको छ ।

१. संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

१. यस कार्यविधिको नाम नेपाल पत्रकार महासंघ प्रदेश समितिको निर्वाचन कार्यविधि, २०७७ रहको छ ।

२. यस कार्यविधिमा निर्वाचन समिति भन्नाले नेपाल पत्रकार महासंघको धारा ३५(४) बमोजिम प्रदेश समितिको निर्वाचनका लागि गठन भएको प्रदेश निर्वाचन समितिलाई सम्झनु पर्दछ ।

३. ''उम्मेदवार'' भन्नाले नेपाल पत्रकार महासंघको विधान बमोजिम प्रदेश समितिको पदाधिकारी, सदस्य र प्रदेश परिषद सदस्य पदको उम्मेदवार सम्झनु पर्दछ ।

४. "महासंघ" भन्नाले नेपाल पत्रकार महासंघलाई सम्झनु पर्दछ ।

५. ''प्रदेश समिति'' भन्नाले नेपाल पत्रकार महासंघको विधानको धारा १६(२) बामोजिम व्यवस्था भएको समितिलाई सम्झनु पर्दछ ।

६. ''अनूसूची'' भन्नाले प्रदेश निर्वाचन कार्यविधि, २०७७ को अनूसूचीलाई सम्झनुपर्छ ।

७. निर्वाचन समिति भन्नाले सम्बन्धित प्रदेशको निर्वाचन समितिलाई जनाउँछ ।

२. मतदाता नामावली सम्बन्धमा

१. नेपाल पत्रकार महासंघको प्रदेश समितिको निर्वाचनमा सहभागी हुनपाउने मतदाताको नाम केन्द्रीय समितिले निर्वाचन समितिलाई उपलब्ध गराएबमोजिम हुनेछ ।

२. उपनियम (१) बमोजिम प्राप्त नामावलीलाई नै मतदाता नामावली मानिने छ ।

३. केन्द्रीय समितिले सम्बन्धित प्रदेश समितिका पदाधिकारीहरु, सदस्यहरु, केन्द्रीय परिषद सदस्य,

प्रदेश परिषद

सदस्य तथा प्रदेश मातहतका  समितिलाई मतदान गर्न पाउने सबै मतदाताहरुको नाम निर्वाचन समितिलाई उपलब्ध गराइएबमोजिम हुनेछ।

४. महासंघको केन्द्रीय समितिले केन्द्रीय निर्वाचन समितिलाई उपलब्ध गराएको नामलाई आधार मानी निर्वाचन हुनुभन्दा अगावै अनुसूची-१ मा उल्लिखित कार्यतालिका बमोजिम निर्वाचन समितिले मतदाता नामावली प्रकाशन गर्नेछ।

३. निर्वाचन हुने पद र मतदाता सम्बन्धी व्यवस्था  महासंघको विधानको धारा १६(२)(क) अनुसार महासंघको प्रदेश समितिको निम्न पदमा निम्न अनुसारका मतदाता भई निम्न अनुसार निर्वाचन हुनेछ :

| क सं | पद | निर्वाचित हुने संख्या | मतदाता  सम्बन्धित प्रदेशका सबै सदस्यहरु नामावलीमा नाम भएका |
|---|---|---|---|
| १. | अध्यक्ष | १ | सम्बन्धित प्रदेशका सबै मतदाताहरु |
| २. | उपाध्यक्ष -१<br>उपाध्यक्ष (महिला) -१ | २ | सम्बन्धित प्रदेशका सबै मतदाताहरु |
| ३. | महासचिव | १ | सम्बन्धित प्रदेशका सबै मतदाताहरु |
| ४. | सचिव -१<br>सचिव (समावेशी) -१ | २ | सम्बन्धित प्रदेशका सबै मतदाताहरु |
| ५. | कोषाध्यक्ष | १ | सम्बन्धित प्रदेशका सबै मतदाताहरु |
| ६. | सदस्य (खुला) | ५ | सम्बन्धित प्रदेशका सबै मतदाताहरु |
| ७. | सदस्य (महिला) | ३ | सम्बन्धित प्रदेशका सबै मतदाताहरु |
| ८. | सदस्य (दलित) | १ | सम्बन्धित प्रदेशका सबै मतदाताहरु |
| ९. | सदस्य (आदिवासी जनजाति) | २ | सम्बन्धित प्रदेशका सबै मतदाताहरु |
| १०. | सदस्य (मधेशी) | २ | सम्बन्धित प्रदेशका सबै मतदाताहरु |
| ११. | सदस्य (अल्पसंख्यक) | १ | सम्बन्धित प्रदेशका सबै मतदाताहरु |

४. <u>निर्वाचन कार्यतालिका सम्बन्धमा</u>





निर्वाचन कार्यक्रम अनुसूची-१ बमोजिम सञ्चालन हुनेछ तर केन्द्रीय निर्वाचन समितिले आवश्यकता अनुसार निर्वाचन कार्यतालिकामा हेरफेर गर्न सक्नेछ ।

५. <u>उम्मेदवारी दर्ता तथा उम्मेदवार हुन आवश्यक योग्यता सम्बन्धमा</u>

१. निर्वाचनमा उम्मेदवार हुन चाहने मतदाताले महासंघको विधानको धारा १६ (ग) बमोजिम यस कार्यविधिको अनुसूची-१ मा निर्धारित निर्वाचन कार्यतालिका बमोजिम सम्बन्धित प्रदेशको निर्वाचन कार्यालयमा उम्मेदवारको मनोनयन गर्नुपर्नेछ ।

२. प्रदेश समितिमा उम्मेदवार बन्न चाहने योग्यता पुगेको व्यक्तिले केन्द्रीय निर्वाचन समितिले तोकेको कार्यतालिका अनुसार बैंक खातामा रकम जम्मा गरेको भौचरको सक्कलप्रति सहित प्रदेशको हाल कायम रहेको राजधानी/प्रदेश निर्वाचन समितिको कार्यालयमा उम्मेदवारी दिनुपर्नेछ ।

३. उम्मेदवार हुनका लागि अनुसचू ी २ बमोजिमको ढाचामा मनोनयन पत्र दाँ खिल गर्नुपर्नेछ ।

४. उम्मेदवारले मनानयन दर्ता गर्दा मतदातामध्ये एकजनाले प्रस्ताव गरेको र अर्को एकजनाले समर्थन गरेको हनुपर्नेछ । प्रस्तावक समर्थक मताधिकार अनुसार हुनु पर्नेछ ।

५. मनोनयन दर्ताको साथमा पदाधिकारी तथा सदस्य, प्रदेश परिषद सदस्य/ केन्द्रीय परिषद सदस्य पदका उम्मेदवारले देहाय बमोजिमको मनोनयन शुल्क बुझाएको सक्कलप्रति भौचर दाखिल गर्नु पनेर्छ : क. अध्यक्ष रु. ७,०००।- (सात हजार ।) ख. उपाध्यक्ष रु. ५,०००।- (पाँच हजार ।) ग. महासचिव रु. ५,०००।- (पाँच हजार ।) घ. सचिव रु. ५,०००।- (पाँच हजार ।) ङ. कोषाध्यक्ष रु. ५,०००।- (पाँच हजार ।) च. सदस्य रु. ४,०००।- (चार हजार ।)





६. उपनियम ४ बमोजिम दाखिला भएको उम्मेदवारी शुल्क फिर्ता गरिने छैन ।

७. कुनै उम्मेदवार मनोनयन गर्न प्रदेश निर्वाचन कार्यालयमा उपस्थित हुन नसक्ने भएमा वारेसमार्फत समेत उम्मेदवारी दर्ता गराउन सक्नेछ ।

८. महासंघको प्रदेश समितिको अध्यक्ष पदको लागि ७ वर्ष र अन्य पदको लागि ५ वर्ष महासंघको अविच्छिन्न सदस्य भएको हुनुपर्नेछ । यस प्रयोजनका लागि वर्ष गणना गर्दा मनोनयन दर्ता गर्ने दिन सम्म ७ र ५ वर्ष पूरा भएको हुनुपर्नेछ ।

६. उम्मेदवारको नामावली प्रकाशन  मनोनयन दर्ता भएपछि उम्मेदवारको नामावली प्रकाशन गरिनेछ र नामावली पकाशन गर्दा पद र निर्वाचन क्षेत्रका आधारमा देवनागरी लिपिको वर्णानुक्रमानुसार उम्मेदवारको नाम प्रकाशन गरिनेछ ।

७. उम्मेदवारको नाम उपर छानबिन तथा दावी विरोध


१. उम्मेदवारले पेश गरेको मनोनयन फाराम निर्वाचन समितिले छानबिन गर्दा फाराम भर्दा पेश गर्नुपर्ने विवरण पूरा नभएमा वा सम्बन्धित प्रदेशको मतदाता नामावलीमा नाम नभएमा त्यस्ता उम्मेदवारको उम्मेदवारी रद्द हुनेछ र उम्मेदवारको सूचीबाट कारण उल्लेख गरी नाम हटाइनेछ ।

२. उम्मेदवारको नामावली प्रकाशन भएपछि कुनै पनि मतदाताले कुनै उम्मेदवारको योग्यता पूरा नभएको वा अन्य दाबी विरोध गर्नुपर्ने कारण उल्लेख गरी निर्वाचन कार्यविधि अनुसारको कार्यतालिका बमोजिम निर्धारित समयभित्र दाबी विरोध गर्न पाउने छन् । यस्तो दाबी विरोधमा उल्लिखित व्यहोरा सत्य ठहरिएमा त्यस्ता उम्मेदवारको नाम उम्मेदवारको सूचीबाट हटाइनेछ ।

३. कुनै उम्मेदवारको अयोग्यताको सम्बन्धमा प्रश्न उठेमा आफू योग्य भएको प्रमाण उम्मेदवार स्वयमले पेश गर्नुपर्नेछ र  सोको निरुपण महासंघको केन्द्रीय कार्यालयको अभिलेखको आधारमा गरिनेछ ।

८. उम्मेदवारी फिर्ता लिन समय दिइने निर्वाचन कार्यविधि अनुसारको कार्यतालिका बमोजिम निर्धारित समयभित्र कुनै उम्मेदवारले नाम फिर्ता लिन चाहेमा सम्बन्धित निर्वाचन समिति समक्ष आफै उपस्थित भई निवेदन दिई नाम फिर्ता लिन सक्नेछ  ।

९. उम्मेदवारको अन्तिम नामावली प्रकाशन



१. उम्मेदवारी फारामको छानबिन, दाबी विरोध तथा नाम फिर्ता लिने समय अवधि समाप्त भएपछि उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरिनेछ ।

२. अन्तिम नामावली प्रकाशन गर्दा पद र निर्वाचन क्षेत्रका आधारमा देवनागरी लिपिको वर्णानुक्रमानुसार उम्मेदवारको नामावली प्रकाशन गरिनेछ ।

१०. मतपत्र सम्बन्धी व्यवस्था

१. मतपत्रको नमूना अनुसूची-३ बमोजिम हुनेछ ।

२. मतपत्रमा सम्बन्धित निर्वाचन समितिको कुनै एक सदस्य र मतदान अधिकृतको अनिवार्य हस्ताक्षर हुनेछ ।

३. मतदान गर्ने समयमा मतपत्र च्यातिएमा मतदान अधिकृतले मतपत्र आफनो नियन्त्रणमा ्लिई सोको व्यहोरा जनाई अर्को मतपत्र जारी गर्न र मतदानको अन्त्यमा सोको मुचुल्का उठाउनु पर्नेछ ।

११. मतदान अधिकृत, मतगणना अधिकृत तथा अन्य कर्मचारीहरु नियुक्त गर्न सकिने निर्वाचन समितिले मतदान, मतगणना तथा निर्वाचन कार्यक्रमलाई सुचारु एवं व्यवस्थित गर्नका लागि मतदान अधिकृत, मतगणना अधिकृत तथा अन्य आवश्यक कर्मचारीहरु नियुक्ति गर्न सक्नेछ ।

१२. मतदानको व्यवस्थापन

१. निर्वाचन समितिले मतदानस्थल तोकी निर्वाचन कार्यतालिका अनुसार मतदान गर्ने व्यवस्था मिलाउने छ ।

२. मतदाता नामावलीमा रहेको नाममा हस्ताक्षर गराइ सकेपछि मात्र मतपत्र प्रदान गरिनेछ ।

३. मतदानको समयमा मतदानस्थलमा निर्वाचन समितिको अनुमति प्राप्त भएको व्यक्तिलाई बाहेक अन्यलाई प्रवेश दिइने छैन ।

४. निर्वाचन गोप्य मतदानको आधारमा सम्पन्न गरिनेछ ।

५. मतदानका लागि निर्दिष्ट गरिएका तरिका बमोजिम मतदानमा सहयोग गर्नु सबैको कर्तव्य हुनेछ ।

६. मतदान गर्न जाँदा गोप्य मतदान स्थलमा क्यामरा र मोवाइल फोन लिएर जान पाइने छैन । उक्त सामानको व्यवस्थापन गर्ने जिम्मेवारी मतदाता स्वयमको हुनेछ ।

७. कार्यविधि र आचारसंहिताको पालना गर्दै निर्वाचन सम्पन्न गर्न सहयोग पुऱ्याउनु प्रत्येक मतदाताको कर्तव्य हुनेछ ।

८. तोकिएको मतदान स्थलमा अनावश्यक बादविवाद होहल्ला गरी मतदान प्रक्रियालाई बाधा पुऱ्याउने मतदातालाई मतदान स्थलमा खटिएका सुरक्षाकर्मीले नियन्त्रणमा लिई मतदान स्थलबाट बाहिर पठाउन सक्नेछन् ।

१३. मतगणना सम्बन्धी व्यवस्था

१. मतदान गर्न तोकिएको समय अवधि समाप्त भएपछिल मतगणना प्रारम्भ गरिनेछ ।

२. मतगणना स्थलमा निर्वाचन समितिले तोकेका बाहेक अन्य व्यक्तिलाई प्रवेश दिइने छैन ।

१४. सदर मत र बदर मत निर्धारण

१. सदर मत र बदर मतको निर्धारण अनुसूची-४ बमोजिम गरिनेछ ।

२. सदर मत वा बदर मत सम्बन्धमा निर्वाचन समितिको निर्णय अन्तिम हुनेछ ।

१५. मत परिणामको घोषणा

१. सम्बन्धित प्रदेशको सम्पूर्ण पदको मतगणना समाप्त भएपछि प्रदेश निर्वाचन समितिले मतपरिणाम घोषणा गरिनेछ ।

२. सम्बन्धित निर्वाचन समितिबाट प्राप्त भएको मतगणनाको विवरण निर्वाचन समितिले केन्द्रीय निर्वाचन समितिको वेबसाइट मार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ । मतगणना सकिएपछि प्रदेश निर्वाचन समितिले प्रमाणित गरी केन्द्रीय निर्वाचन समितिलाई मत परिणामको जानकारी दिनु पर्नेछ । निर्वाचन समितिले मतगणनाको विवरण मतगणना स्थलमा सार्वजनिक गर्नसक्नेछ । प्रदेश निर्वाचन समितिको तर्फबाट घोषणा गरिएको मत परिणाम आधिकारिक मानिनेछ ।



१६. सबै प्रदेशका निर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई अनुसूची-५ बमाजिमे को ढाचामा ँ प्रदेश निर्वाचन समितिले प्रमाणपत्र दिनेछ ।

१७. मतपत्र र निर्वाचन सम्बन्धी सामग्रीको सुरक्षा

१. निर्वाचन कार्यतालिका अनुरुपको निर्वाचन कार्यक्रम सम्पन्न भएपश्चात निर्वाचनको क्रममा निर्वाचन समितिलाई प्राप्त कागजात, मतपत्र तथा अन्य सामग्रीहरु सम्बन्धित निर्वाचन समितिले सम्बन्धित नव निर्वाचित अध्यक्षलाई हस्तान्तरण गर्नेछ ।

२. निर्वाचन सम्बन्धी कागजात लगायतका सामग्री हस्तान्तरण गरेपछि निर्वाचन समिति स्वतः विघटन हुनेछ ।

१८. निर्वाचन कार्यालय तथा मतदान स्थल प्रदेश निर्वाचन समितिको कार्यालय तथा मतदान स्थल महासंघको सम्बन्धित प्रदेश समितिले तोकेको स्थानमा हुनेछ ।

१९. उम्मेदवारका तर्फबाट प्रतिनिधि उपस्थित हुनसक्ने कुनै उम्मेदवारले आफ्नातर्फबाट कार्य गर्नका लागि उम्मेदवार प्रतिनिधि तोक्नुपर्ने भएमा लिखित रुपमा निर्वाचन समितिलाई जानकारी गराउनुपर्ने छ । त्यस्तो प्रतिनिधिले गरेको कार्य उम्मेदवारले गरेको मानिने छ ।

२०. निर्वाचन प्रचार प्रसार निर्वाचन समितिले मतदानका लागि तोकिएको निश्चित क्षेत्रभित्र कुनै पनि प्रकारको प्रचार-प्रसार कार्य गर्न पाइने छैन ।

२१. निर्वाचन स्थगन सम्बन्धमा

१. कुनै कारणले तोकिएको कार्यतालिका अनुसार कुनै कार्य सम्पन्न गर्न असमर्थ भएमा केन्द्रीय निर्वाचन समितिले कार्यतालिकामा आवश्यक हेरफेर गर्न सक्नेछ ।

२. कुनै प्रदेशमा मतदान वा मतगणना कार्य प्राकृतिक प्रकोप वा काबु बाहिरका परिस्थितिका कारण स्थगित भएमा महासंघको केन्द्रीय समितिले सम्बन्धित प्रदेशका लागि अर्को उपयुक्त मिति र समयको घोषणा गरी मतदान वा मतगणनाको कार्य अगाडि बढाउन सक्नेछ ।



२२. विधान लागु हुने



यस कार्यविधिमा उल्लिखित कुनै व्यहोरा महासंघको विधानसँग बाझिएमा महासंघको बिधानको व्यवस्था लागु हुनेछ ।

२३. निर्वाचन समितिको निर्णय अन्तिम हुने यस निर्वाचन कार्यविधिमा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुरामा निर्वाचन समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

अनुसूची १ निर्वाचन
कार्यतालिका नियम ४ सँग
सम्बन्धित

देहायको कार्यतालिका बमोजिम प्रदेश समितिको निर्वाचन सम्पन्न गरिनेछः

निर्वाचन कार्यतालिका

१) **उम्मेदवार मनोनयन** २०७७ चैत्र १९ गते विहान ११:०० बजे देखि दिउसाँ ४:०० बजेसम्म ।

२) **उम्मेदवारको नामावली प्रकाशन** २०७७ चैत्र १९ गते साँझ ६:०० बजे ।

३) **उम्मेदवार उपरको दाबी विरोध** २०७७ चैत्र १९ गते साँझ ६:०० देखी २०७७ चैत्र २० गते अपरान्ह १२:३० बजे सम्म ।

४) **उम्मेदवारले नाम फिर्ता लिने** २०७७ चैत्र २० गते दिउसो ४:०० बजे सम्म ।

५) **उम्मेदवारको अन्तिम नामावली प्रकाशन** २०७७ चैत्र २० गते साँझ ६:०० बजे सम्म ।

६) **मतदान** २०७७ चैत्र २५ गते विहान ९:०० बजे देखि अपरान्ह ५:०० बजेसम्म ।

७) **मतगणना** २०७७ चैत्र २५ गते मतदानको लागि तोकिएको समय समाप्त भए पश्चात ।

निर्वाचन कार्यतालिकामा आवश्यकता अनुसार प्रदेश निर्वाचन समितिले सामान्य फेरबदल गर्न सक्नेछ । निर्वाचन कार्यविधि तथा कार्यक्रम नेपाल पत्रकार महासंघको www.fnjnepal.org मा समेत प्रकाशन गरिनेछ। नोटः- नेपाल पत्रकार महासंघको प्रदेश निर्वाचन समितिको कार्यालय सम्बन्धित प्रदेश निर्वाचन समितिले तोकेको स्थानमा रहनेछ । पुनश्चः- अन्तिम नामावली प्रकाशन गर्दा उम्मेदवारको नामावली पद र निर्वाचन क्षेत्रका आधारमा देवनागरी लिपिको वर्णानुक्रमानुसार उम्मेदवारको नाम उल्लेख गरिनेछ ।

निर्वाचन समितिका तर्फबाट

………………… ………………….. ………………..

सदस्य सदस्य संयोजक





अनुसूची २

नियम ५ (३) सँग सम्बन्धित उम्मेदवारको

मनोनयन फाराम

म नेपाल पत्रकार महासंघको प्रदेश समितिको निर्वाचनमा उम्मेदवार हुन इच्छुक भएको हुँदा प्रदेश समिति निर्वाचन कार्यविधि, २०७७ को नियम ५(५) मा उल्लिखित मनोनयन शुल्क बुझाएको बैंक भौचरको सक्कलप्रति यसैसाथ राखी यो मनोनयन पत्र दाखिल गरेको छु। उम्मेदवारको नाम :

ठेगाना : उम्मेदवार हुन

चाहेको पद : प्रदेश :

मतदाता क्रम संख्या :

म लगातार ........... वर्षदेखि महासंघको सदस्य रहेको छु। महासंघको प्रदेश समिति निर्वाचन कार्यविधि २०७७ को नियम ११ बमोजिम आवश्यक योग्यता पूरा भएको घोषणा गर्दछु। तोकिएको योग्यता पूरा नभएको ठहरिएमा मनोनयन रद्द गरेमा मेरो मञ्जुरी छ।

उम्मेदवारको हस्ताक्षर : मिति :

| प्रस्तावक | समर्थक |
|---|---|
| नाम : | नाम : |
| मतदाता क्रमसंख्या शाखा | मतदाता क्रमसंख्या शाखा |
| हस्ताक्षर | हस्ताक्षर |
| | |

निर्वाचन समितिले भर्ने

दर्ता नं : मिति :

निर्वाचन समितिका तर्फबाट आधिकारिक हस्ताक्षर :



नोट : प्रत्येक उम्मेदवारले

आफू उम्मेदवार हुन चाहेको पद (खुला, समावेशी, महिला, दलित, आदिवासी जनजाति, मधेशी, अल्पसंख्यक) सम्बन्धमा स्पष्ट खुलाई मनोनयन फाराम बुझाउनु पर्नेछ ।



अनुसूची - ३

नियम १० (१) सँग सम्बन्धित मतपत्रको नमूना नेपाल पत्रकार महासंघ, प्रदेश समितिको निर्वाचन- २०७७

पदाधिकारी

प्रत्येक पदमा १ । १ जनालाई मात्र यस्तो मत संकेत ☐ गर्नुहोला ।

अध्यक्ष :

१) ..................................................

२)..................................................

३)..................................................

उपाध्यक्ष :

१) ..................................................

२)..................................................

३) ..................................................

उपाध्यक्ष (महिला) :

१) ..................................................

२)..................................................

३) ..................................................

महासचिव :

१)..................................................

२)..................................................

३)..................................................





सचिव : [

१)....................................................

२)...............................................

३).............................................

सचिव (समावेशी) :

१)....................................................

२)...............................................

३).............................................

कोषाध्यक्ष :

१)...............................................

२).............................................

३)..............................................

निर्वाचन समिति सदस्य/मुख्य निर्वाचत अधिकृत मतदान अधिकृत नेपाल पत्रकार महासंघ

प्रदेश समितिको निर्वाचन - २०७७

सदस्य पदको मतपत्र

सदस्य (खुल्ला) कुनै ५ जनालाई मात्र मत संकेत □□ गर्नुहोला ।





१)....................................................

२)...............................................

३)............................................

४)............................................

५)............................................

सदस्य (महिला) कुनै ३ जनालाई मात्र मत संकेत गर्नुहोला ।

१) ................................................

२)...............................................

३).................................................

सदस्य (दलित) कुनै १ जनालाई मात्र मत संकेत गर्नुहोला ।

१) ................................................

२).................................................

सदस्य (आदिवासी जनजाति) कुनै २ जनालाई मात्र मत संकेत गर्नुहोला ।

१)................................................

२)................................................

सदस्य (मधेशी) कुनै २ जनालाई मात्र मत संकेत गर्नुहोला ।

१)...................................................

२)...............................................

सदस्य (अल्पसंख्यक) कुनै १ जनालाई मात्र मत संकेत गर्नुहोला ।

१)...................................................



निर्वाचन समिति सदस्य/मुख्य निर्वाचन अधिकृत



अधिकृत

मतदान






अनुसूची - ४

नियम १४(१) सँग सम्बन्धित

## सदर र बदरमतको नमूना

सदर बदर














अनुसूची - ५

नियम १६ सँग सम्बन्धित

नेपाल पत्रकार महासंघ केन्द्रीय निर्वाचन

समिति, २०७७ प्रमाणपत्र

तपाइँ श्री ........................................ नेपाल पत्रकार महासंघको मिति २०७७ चैत्र २५ गते सम्पन्न निर्वाचनबाट ................ प्रदेश समितिको ...........................पदमा निर्वाचित हनु भएको हुदा ँ हार्दिक बधाइका ि साथ यो प्रमाणपत्र प्रदान गरिएको छ ।

| ........................... | ............................. | ...................... |
|---|---|---|
| सदस्य | सदस्य | संयोजक |

मिति :.....................

